# कारागार व्यवस्थापन कार्यविधि २०७३ (पहिलो संशोधन)

कारागार व्यवस्थापन कार्यविधि २०७३ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

कारागार व्यवस्थापन कार्यविधि २०७३ को भाग ३ को दफा 'क' (२) ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकार (मन्त्रीस्तर)को निर्णयले देहायका बुँदामा संशोधन तथा थप गरिएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ :

(१) यो कार्यविधिको नाम कारागार व्यवस्थापन कार्यविधि, (पहिलो संशोधन) २०७५ रहेको छ ।

(२) यो कार्यविधि नेपाल सरकार (मन्त्रीस्तर) बाट स्वीकृत भएको मितिदेखि लागु हुनेछ ।

२. कारागार व्यवस्थापन कार्यविधि २०७३ को परिच्छेद १ को दफा ५ : गोलघरमा राख्ने व्यवस्था उपदफा १ को 'च' पछि देहायको उपदफा 'छ' थप गरिएको छ ।

छ) विशेष सुरक्षा दिनुपर्ने कैदीवन्दीलाई कारागार प्रमुखले आवश्यकता वमोजिम गोलघरमा राख्न सक्नेछ ।

३. परिच्छेद २ आन्तरिक प्रशासन सम्वन्धी कार्यविधिको दफा ७ चौकीदार, नाइके र भाईनाइकेको नियुक्ति, योग्यता, लगायतका व्यवस्थामा

उपदफा ई) को चौकिदारको हकमा सजायको ५०% कैद भुक्तान गरिसकेका र नियमावलीको नियम २९ वमोजिमका ९ मुद्दा लगायत पछि डाका चोरी, अपहरण, संगठित अपराध मुद्दाका वाहेक भन्ने शब्दहरु राखिएको छ ।

४. परिच्छेद २ आन्तरिक प्रशासन सम्वन्धी कार्यविधिको दफा ७ चौकीदार, नाइके र भाईनाइकेको नियुक्ति, योग्यता, लगायतका व्यवस्थामा (ए) पछि ए (१) थपिएको छ।

ए १) २०६९ साल फागुन १ गते अघिदेखि २०७३ आषाढ मसान्त सम्म चौकीदार, नाईके र भाइनाईके रही अटुट रुपमा निरन्तर काम गरिरहेका आन्तरिक प्रशासनका कैदीहरुको कामदारी सुविधा गणना गरिनेछ ।

५. परिच्छेद २ आन्तरिक प्रशासन सम्वन्धी कार्यविधिको दफा ७ चौकीदार, नाइके र भाईनाइकेको नियुक्ति, योग्यता, लगायतका व्यवस्थाको दफा ७ (क) 'ऐ' पछि देहायको उपदफा 'ओ' थपिएको र च छ ।

ओ) चौकीदार सुविधा बढीमा १ वर्षका लागि मात्र दिन सकिनेछ । अर्को वर्षका लागि निरन्तरता गरिने छैन । तर पहिलोपटक चौकीदार भई काम गरेको व्यक्तिलाई दुई वर्ष व्यतित भई सके पश्चात पुनः चौकीदार पदमा नियुक्त गर्न सकिनेछ ।

1

६. परिच्छेद २ आन्तरिक प्रशासन सम्वन्धी कार्यविधिको दफा ७ चौकीदार, नाइके र भाईनाइकेको नियुक्ति, योग्यता, लगायतका व्यवस्थाको दफा ७ (घ) पछि घ(१) थपिएको छ ।

घ १) नाइके, भाइनाईकेको नियुक्ति प्रत्येक वर्ष प्र.जि.अ. बाट प्रमाणित गराई अभिलेख राख्नुपर्नेछ ।

७. परिच्छेद २ आन्तरिक प्रशासन सम्वन्धी कार्यविधिको दफा ७ चौकीदार, नाइके र भाईनाइकेको नियुक्ति, योग्यता, लगायतका व्यवस्थाको दफा ७ (ङ) पछि ङ(१) थपिएको र (च) संशोधन गरिएको छ ।

ङ १) कारागार ऐन नियमको वर्खिलाप गरेमा चौकीदार नाइके र भाइनाईकेलाई कारागार व्यवस्थापन विभागले जुनसुकै वेला जिम्मेवारीबाट हटाउन र आवश्यकता अनुसार स्थानान्तरण गर्न सक्नेछ ।

च) दोस्रो वाक्यमा रहेको अर्को आर्थिक वर्षमा भन्ने शव्द पछि रहेको चौकीदार शव्द हटाईएको छ ।

८. परिच्छेद २ आन्तरिक प्रशासन सम्वन्धी कार्यविधिको दफा ८ (क) मा देहायको वाक्यांश थप गरिएको छ ।

- कैदीवन्दीहरुलाई यातना वा शोषण गर्न नहुने ।

९. परिच्छेद २ आन्तरिक प्रशासन सम्वन्धी कार्यविधिको दफा ९ (ड) मा

आन्तरिक प्रशासनमा काम गर्ने चौकिदार, नाइके, सहनाइके समेतले गलत क्रियाकलाप र शोषण गरेको भए जेलरले नियमित रुपमा कारागारको निरीक्षण गर्दा भन्ने वाक्यांश पछि लिखित वा मौखिक भन्ने शव्द थप गरिएको छ ।

१०. परिच्छेद २ आन्तरिक प्रशासन सम्वन्धी कार्यविधिको दफा १० १ (ग) मा

कैदीबन्दीहरुलाई सरकारको तर्फबाट उपलब्ध गराइने सेवा सुविधाहरु पाए नपाएको जेलर स्वयंले नियमित रुपमा अनुगमन तथा सुपरिवेक्षण गर्ने भन्ने शव्द पछि हरेक पटक गरेको अनुगमनको अनिवार्य रुपमा अभिलेखन गर्ने भन्ने शब्दहरू थप गरिएको छ ।

११. <u>परिच्छेद २ आन्तरिक प्रशासन सम्वन्धी कार्यविधिको दफा १० १ (ढ) पछि देहायको उपदफा (ण) थप गरिएको छ ।</u>

(ण) कारागार वाहिरवाट अति आवश्यक खर्च वाहेक वढी रकम कैदीवन्दीलाई राख्न/लिनदिन नदिने।

१२. <u>परिच्छेद २ आन्तरिक प्रशासन सम्वन्धी कार्यविधिको दफा १०.२ मा</u>

ध) कारागार भित्र भन्ने शव्द पछि "उद्योग संचालन लगायत" भन्ने शव्द थप गर्ने र क्रमश विभिन्न कामको प्रयोजनका लागि लगिएका वस्तुहरु जस्तो खुकुरी, चुलेसी, हँसिया, चक्कू तथा लठ्ठीहरु जस्ता सामानहरु दैनिक रुपमा काम सम्पन्न भए पश्चात् कैदीबन्दीहरुले प्रयोग गर्न नपाउने गरी सुरक्षाकर्मीहरुले कारागारको भित्र निरीक्षण गरी आफ्नो नियन्त्रणमा लिई भन्ने शव्द पछि **"सुरक्षित व्यवस्थापन गर्ने"** भन्ने शव्दहरू थप गरिएको छ ।

१३. <u>परिच्छेद ३ दफा ११ को उपदफा ६ कैदी वा थुनुवाहरुलाई भेटघाट र पत्रव्यवहारको सुविधा तथा सोको कार्यविधिको ६ पछि देहायको उपदफा ७ र ८ थप गर्ने ।</u>

७) बन्दीका परिवार सदस्य र कानून व्यवसायी वाहेक अन्य व्यक्तिले कैदीवन्दी सँग भेट गर्न चाहे सम्वन्धित प्र.जि.अ.को अनिवार्य स्वीकृती लिनुपर्नेछ ।

८) विदेशी नागरिक वा संस्थाले कारागारमा रहेका कैदी वन्दीहरुसंग भेट गर्न चाहेमा परराष्ट्र मन्त्रालय मार्फत गृह मन्त्रालयको स्वीकृती लिनुपर्नेछ ।

१४. <u>परिच्छेद ३ को दफा ८ थुनुवा/कैदीबन्दीहरुको स्वास्थ्योपचार सुविधा र कार्यविधिको उपदफा 'च' मा</u>

विमारी परे सिकिस्त भएको कुनै थुनुवा वा कैदी वाँच्ने नबाँच्ने दोसाँधमा रहेको कुराको कारणसहितको राय सरकारी चिकित्सकले दिएमा र त्यस्तो थुनुवा वा कैदीको हकवालाले निजलाई घाट लैजान चाहेमा निज थुनुवा वा कैदीको हकवालालाई निज थुनुवा वा कैदीको रोग निको भएमा पुनः कारागारमा फिर्ता ल्याउने व्यहोराको हाजिर जमानी कागज गराई थुनिएको ठाउँको नजिकको घाटमा लैजान हकवालाले सम्वन्धित थुनुवा वा कैदीको स्वास्थ्य सम्वन्धि प्रतिवेदन लेखी प्रत्येक हप्ता सम्वन्धित कारागारलाई दिनुपर्छ भन्ने वाक्यांश पछि "तर घाटमा राख्ने अवधि १५ दिन भन्दा वढी हुनु हुँदैन्" भन्ने वाक्यांश थप गरिएको छ ।

१५. परिच्छेद ३ को दफा १८ नगद जम्मा गर्ने र त्यसको भर्पाइ दिने व्यवस्थामा उपदफा २ पछि देहायको उपदफा ३ थप गरिएको छ ।

३) कैदीवन्दीहरुको सरुवा हुँदा निजको साथमा रहेको सामानको सूचि तयार गरी कारागार प्रमुखलाई एक प्रति वुझाई सामान सँगै लिनु दिनुपर्नेछ ।

१६. परिच्छेद ३ को दफा १८ नगद जम्मा गर्ने र त्यसको भर्पाइ दिने व्यवस्था पछि देहायको दफा १९ थप गरिएको छ ।

१९) भारतीय कैदी वाहेक अन्य विदेशी कैदीहरुलाई कैद अवधि पूरा गरी छुटकारा दिंदा अध्यागमन विभागमा वुझाउनु पर्नेछ ।

१७. परिच्छेद ७ दफा ३३ माफी मिनाहा सम्वन्धी व्यवस्थाको उपदफा ३३.९ को तेस्रो वुँदामा

पुनरावेदन नगरेको र नपरेको भनी भन्ने शब्द पछि एक वा एकभन्दा बढी मुद्दा भएकोमा अरु मुद्दाको जानकारी नदिई भन्ने शब्दहरू थप गरिएको छ।



4